सरावल गाउँपालिका

Sarawal Rural Municipality

# गाँउ कार्यपालिकाको कार्यालय

# Office Of The Municipality Executive

सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

Sarawal, Nawalparasi (Bardghat-Susta West)

लुम्बिनी प्रदेश, नेपाल

Lumbini Province, Nepal

प.स. २०८२/०८३

च.न.

## दीर्घ रोगी मासिक औषधी उपचार खर्चका लागि नविकरण गर्ने सम्बन्धी सुचना।

सुचना मितिः- २०८२/०४/०६

प्रस्तुत सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी "मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधी उपचार खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधी २०७८" को दफा ६ बमोजिम यस सरावल गाउँपालिका भित्रका दीर्घ रोगी उपचारका लागि मासिक रु.५०००/- प्राप्त गर्ने लक्षित समुहका लाभग्राहीहरुले सम्बन्धीत वडा कार्यालयमा मिति २०८२ भाद्र मसान्त भित्र आवश्यक कागजात सहित नविकरण गर्नुहुनका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**लक्षित समुहका लाभग्राहीहरु:**

१) मृगौला प्रत्यारोपण गरेका ।

२) डायलाइसिस गरिरहेका ।

३) क्यान्सर रोगी पहिचान भई उपचार पछि निको भईसकेका व्यक्ति बाहेकका क्यान्सर रोगी (क्यान्सर पहिचान भई उपचार पछि निको भईसकेका तर चिकित्सकले तिन तिन महिना भित्र निरन्तर निगरानी (Close Follow Up) राखेका व्यक्ति ।

४) मेरुदण्ड पक्षघातका बिरामीहरु ( रातो र निलो अपाङ्ग परिचयपत्र बाहक) ।

**आवश्यक कागजातहरु:-**

राष्ट्रिय परिचयपत्र नम्बर वा नागरिकताको प्रतिलिपी, नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपी, अनुसुची-१ बमोजिमको ढाचाँमा चिकित्सकको सिफारिस, मेरुदण्ड पक्षघातको हकमा अपाङ्गता सम्बन्धी प्राप्त गरेको रातो वा निलो कार्डको प्रतिलिपी, नियमित उपचार गरिरहेको कार्डको प्रतिलिपी र नेपाल सरकार वा स्वामित्वमा रहेको संस्थाबाट रोजगारी/निवृत्तिभरण, विदेशी सरकारबाट रोजगारी/पेन्सन आदी नलिएको स्वघोषणा पत्र ।

२०८२/४/६

..................

नारायण पाण्डेय

नि. प्रमुख प्रशासकीय अधिकृत

"स्वास्थ्य, शिक्षा, कृषि र पुर्वाधारःसमृद्ध सरावलको आधार" नि.प्रमुख प्रशासकीय अधिकृत

Website: https://sarawalmun.gov.np, Email:info@sarawalmun.gov.np/it.sarawalmun@gmail.com, Contact 9857046266